# बेसीशहर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

**घर भाडा आवश्यकता सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मिति २०८२।०४।०५**

बेसीशहर नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गतका शाखा कार्यालय सञ्चालनका लागि तपशिल बमोजिमको घर/फ्ल्याट आवश्यक भई भाडामा लिनुपर्ने भएकोले ईच्छुक घर धनीहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र र सो दिन सार्वजनिक बिदा परेमा बिदा पछि कार्यालय खुलेको दिनमा सम्बन्धित घरधनिहरुले मासिक दरको विवरण खुलाई नेपाली नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाण पुर्जा, घर निर्माणको ईजाजत पत्र, घरको नक्सा निर्माण सम्पन्नताको प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र सहित कागजपत्रको प्रतिलिपी संलग्न गरी घर भाडाको सिलबन्दी प्रस्ताव सहितको निवेदन कार्यालय समय भित्र प्रशासन शाखामा पेश गर्नु हुन बेसीशहर नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७७, को परिच्छेद ९, नियम १०४ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

१. सेवाग्राहीको सहज पहुचको लागी भाडामा लिने घर कार्यालय नजिकको स्थान वा वढिमा १५० मिटर सम्मको दुरी भित्र हुनुपर्नेछ।
२. कार्यालय संचालनको लागि कम्तिमा १० देखि १५ वटा कोठा भएको हुनु पर्नेछ।
३. भाडामा दिने घर/फ्ल्याट सम्म चारपांग्रे सवारी साधान दोहोरो रुपमा सहजै आवतजावत गर्न मिल्ने मोटरबाटोको सुबिधा भएको, कम्पाउण्ड वाल भएको कम्तिमा १ (एक) वटा चारपांग्रे सवारी साधन पार्किङ्ग गर्न मिल्ने पर्याप्त सुविधा सहित उपर्युक्त स्थान भएको हुनुपर्नेछ।
४. कार्यालय प्रयोजनका लागि उपयुक्त वातावरण तथा डिजाईनमा निर्माण भएको, कार्यालयको आवश्यकता अनुसार पार्टेसन गर्न मिल्ने हुनुपर्नेछ। व्यवस्थित शौचालय, विजुली बत्ति र खानेपानीको पूर्ण व्यवस्था भएको हुनुपर्नेछ।
५. घर भाडाको दर रेट बेसीशहर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १०४(४) बमोजिम घरभाडामा निर्धारण समितिले निर्धारण गरे बमोजिम हुनेछ। घर भाडा मासिक/चौमासिक/वार्षिक रुपमा भुक्तानी हुदा प्रचलित कानुन बमोजिम कर कट्टी गरिनेछ।
६. घर धनीहरुबाट पेश हुन आएका प्रस्तावहरु यो सुचना प्रकाशित भएको मितिले १६ औं दिन मिति २०८२।०४।२० कार्यालय समय भित्रमा सो दिन सार्वजनिक बिदा पर्न गएमा लगतै कार्यालय खुलेको दिन दरभाउपत्र प्रस्तावकर्ताहरु वा निजका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ/प्रस्तावकर्ता वा प्रतिनिधि उपस्थित हुन नसकेमा पनि बाधा पर्ने छैन।
७. घर भाडामा लिने/नलिने सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार नगरपालिकालाई हुनेछ।
८. घर भाडा सम्बन्धी अन्य कुरा बेसीशहर नगरपालिकाको सार्वजनीक खरिद नियमावली, २०७७ बमोजिम हुनेछ।
९. पेश भएका प्रस्तावहरुमा स्थलगत अवलोकन पश्चात मात्र अन्तिम निर्णय हुनेछ।

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत